सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ४८ ♦ २०८० साल कार्तिक ४ गते शनिवार ♦ 22 Oct 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

**बडा दसैंको शुभकामना**

विजया दशमीको सुखद अबसरमा हाम्रा तमाम विद्धान पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाना। साथै खबर दर्पणको अगामी अंक कार्तिक १२ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ।

खबर दर्पण परिवार

## मधेसका पत्रकारको क्षमता अभिवृद्धि गर्न आवश्यक छः मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशका पत्रकारलाई दक्ष बनाउन विभिन्नखालका क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरुको आयोजना गर्न आमसञ्चार प्राधिकरण मधेश प्रदेशलाई निर्देशन दिनुभएको छ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको सहयोगमा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष एवम वरिष्ठ पत्रकार धर्मेन्द्र झा द्वारा लिखित पत्रकारिता प्रशिक्षणसम्बन्धी एकीकृत स्रोत पुस्तकको शुक्रबार विमोचन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

मधेस प्रदेशका मुख्यमन्त्री यादवले शुक्रवार आम संचार प्राधिकरण मधेस प्रदेश द्वारा प्रकाशित 'बाटो पत्रकारिताको' पुस्तक विमोचन गर्नुहुँदै पत्रकार पनि अहिले दल र जातमा केन्द्रित हुन लागेको भन्दै पत्रकारले दल र जनताभन्दा माथि उठनुपर्ने बताउनुभयो।

उहाँले पत्रकारले सही तथ्य बाहिर ल्याउनुपर्ने भन्दै दक्षताको अभावमा कहिलेकाँही नचाहेर

बाँकी पृष्ठ ३ मा

# बर्दिवासका व्यापारीलाई सुरक्षाको नै चिन्ता

♦ बिशाल बस्नेत




संघन विकासक्रममा रहेको बर्दिवास नगरपालिकामा बढदै गएको सुरक्षा चुनौतिको बिषयमा व्यवसायीहरुले चिन्ता ब्यक्त गरेका छन।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले आयोजना गरेको आसन्न पर्वहरुको सुभकामना आदानप्रदान कार्यक्रममा सुरक्षा संवेदनशीलताको बिषयमा व्यवसायीहरुले प्रश्न उठाएका हुन्।

दिनदहाडै चोरी हुने देखि शृङ्खलाबद्ध सटर नै फोरेर चोरी हुनुले व्यवसायिक असुरक्षाप्रती त्रास सिर्जना भएको भन्दै व्यवसायी बिनोद भण्डारीले स्थानिय सरकार र सुरक्षा निकायलाई ध्यानाकर्षण गराए।

मुख्य चोक र बजारमा सिसिटिभी जडान गरेर भएपनी चोरी

बाँकी पृष्ठ २ मा






# वरिष्ठ पत्रकार धमेन्द्र झाको नवीन कृति 'बाटो पत्रकारिताको' बिमोचन



**खबर दर्पण समाचारदाता**
**कार्तिक ३ गते, महेन्द्रनगर**

वरिष्ठ पत्रकार धमेन्द्र झाको नवीन कृति 'बाटो पत्रकारिताको' बजारमा आएको छ । आम सञ्चार तथा पत्रकारितालाई केन्द्रीय महत्व दिएर सृजना गरिएको उक्त कृतिको शुक्रबार जनकपुरधाममा आयोजित एक समारोहमा मधेस प्रदेश मन्त्रिपरिषद्का सबै सदस्यले सामुहिक रुपमा विमोचन गरेसँगै बजारमा आएको हो ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशले प्रकाशन गरेको प्रस्तुत पुस्तकमा छापा तथा प्रसारण पत्रकारिताका आधारभूत सिद्धान्त, श्रव्य संयोजन तथा दृश्य छायाँन एवं सम्पादन, फोटो पत्रकारिताका महत्वपूर्ण पक्षलाई एकीकृत रुपमा प्रस्तुत गरिएको छ ।

वरिष्ठ पत्रकार झा राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ । साहित्यिक फाँटमा उहाँ धर्मेन्द्र विह्वल उपनामले परिचित हुनुहुन्छ । मैथिली साहित्यमा पनि उहाँका विविध रचना प्रकाशन भएका छन् ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको सहयोगमा वरिष्ठ पत्रकार झा द्वारा लिखित पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत स्रोत पुस्तकको शुक्रबार विमोचन गरिएको हो ।

झा द्वारा लिखित यस एकिकृत पुस्तक मुलतः पत्रकारिता पेसामा संलग्न पत्रकार र संचारकर्मी तथा पत्रकारितालाई पेसाका रुपमा अपनाउन चाहने नयाँ जनशक्तिलाई प्रशिक्षित गर्न आयोजना गरिने प्रशिक्षण कार्यक्रमका लागि तयार पारिएको हो । यस पुस्तकलाई एकिकृत रुपमा तयार गर्ने प्रयास गरिएको छ। यस पुस्तकमा आधारभुत, टेलिभिजन, श्रव्य दृश्य छायांकन एवं सम्पादन, रेडियो, फोटो र कृषि पत्रकारिता संग सम्बन्धीत विषयलाई एकिकृत रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। तर यो पुस्तक पत्रकारिताका अन्य प्रशिक्षण कार्यक्रमका लागि पनि उपयोगी हुने विश्वास लिइएको छ।

यो पुस्तकलाई पाँच खण्डमा विभाजित गरिएको छ। पहिलो खण्डमा प्रशिक्षणको परिचय, उद्देश्य पाठ्यक्रमको रुपरेखा, प्रशिक्षण पद्धति एवं विधिबारे उल्लेख गरिएको छ भने दोश्रो खण्डमा प्रशिक्षणका विभिन्न चरणका विवरण समावेश गरिएका छन् । यस्तै तेश्रो र चौथो खण्डमा केहि पाठ्य सामग्री उपलब्ध गराइएको छ भने पाँचौ खण्डमा अनुसुची र सन्दर्भ सूचि समावेश गरिएको छ।

# वाल हेल्प लाइन नेपाल प्रभावकारी बन्दै

**खबर दर्पण समाचारदाता**
**कार्तिक ३ गते, महेन्द्रनगर**

विभिन्न प्रकारको हिंसा सहितको अन्य प्रकारको समस्यामा परेको बालबालिकाहरूको लागि सञ्चालनमा रहेको वाल हेल्प लाइन नेपालको कार्यक्रम मधेश प्रदेशका ४ जिल्लामा प्रभावकारी देखिएको छ ।

धनुषा, महोत्तरी, सिरहा तथा सप्तरी जिल्लाका बालबालिकाका लागि जनकपुर धाममा राष्ट्रिय बालअधिकार परिषद्, नेपाल दूरसञ्चार प्राधिकरण, सिविन नेपाल र आसमान नेपालको सहयोगमा सञ्चालित बाल हेल्प लाइनबाट हालसम्म २ सय ७९ जना बालबालिकाहरूले विभिन्न प्रकारको सहयोग पाएका छन् । शारीरिक, मानसिक हिंसामा परेका वा अन्य प्रकारका समस्यामा परेका बालबालिकाहरूले १०९८ मा फोन गरेर सबै प्रकारको सहयोग पाउने भएकाले हालसम्म सो सङ्ख्यामा सहयोग पाएको आसमान नेपालका कार्यकारी निर्देशक नबल यादवले जानकारी दिनुभयो । हिंसामा परेका बालबालिकाहरूको पुनर्स्थापना, शिक्षा तथा रोजगारीसम्मका लागि सहयोग संस्थाले गरिरहेको छ ।

बाल हेल्प लाइन २४ घण्टा नै खुल्ला रहने हुँदा समस्यामा रहेका जुनसुकै बालबालिकाले फोन गर्ने र समस्याको प्रकृति अनुसार प्रहरीको साथ लिएर काम गर्ने गरेको शेखले बताउनुभयो ।

# बर्दिवासका व्यापारीलाई ...

न्यूनीकरण गर्न सकिनेप्रती ध्यानाकर्षण गराउदै व्यवसायीहरुले स्थानिय सरकारको भुमिकामाथी नै प्रश्न उठाएका छन् ।

प्रहरी नायव उपरिक्षक तथा इलाका प्रहरी कार्यालयका प्रमुख विजय यादवले भने सर्वसाधारणलाई सुरक्षाको प्रत्याभूत गराउन प्रहरी प्रतिबद्ध रहेको वताए ।

सिसिटिभी क्यामरावाट अनुसन्धानमा सहज हुने वताउदै प्रमुख यादवले सिसिटिभी जडान गरेर सहयोग गरिदिन अनुरोध गरेका छन् ।

# मधेसका पत्रकारको क्षमता अभिवृद्धि.....

पनि सही लेखन नहुने गरेकाले पत्रकारलाई दक्ष बनाउन आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध भएको बताउनुभयो ।

पत्रकारले सही सुचना प्रवाह गरेमा समाजमा त्यसको सकारात्मक प्रभाव पर्ने भएकाले सूचना संकलनको समयमा हतार गर्न हुने बताउनुभयो । उहाँले प्रदेश सरकारको सन्दर्भमा पनि बास्तविक कुरा पत्रकारले बाहिर ल्याएमा प्रदेश सरकारलाई काम गर्न सहज हुने उहाँले बताउनुभयो ।

केही दिनअघि एउटा मिडियाले मुख्यमन्त्री र अर्थमन्त्रीको वीचमा बोलचाल नभएका कारण कर्मचारीले तलव नपाएको समाचार प्रकाशन गरेको विषयमा आपत्ति जनाँउदै मुख्यमन्त्री यादवले त्यस्तो कुनै अवस्था नरहेको प्रस्ट्याउनुभयो। उहाँले भन्नुभयो, 'मेरो नेतृत्वमा गठित मन्त्रिपरिषदको सदस्यले मेरा कुरा मान्नुपर्छ । नमाने म तुरुन्त कारवाही गरी वरखास्त गर्न सक्छु । चाहे मेरो सरकार रहोस् या नरहोस् ।' उहाँले संघको असहयोगको कारण सोचेर पनि चाहेअनुसारको काम गर्न नसकेको भन्दै प्रदेश सरकारले गरेका सकारात्मक कामको विषयमा जनतालाई जानकारी गराउन पत्रकारसँग आग्रह गर्नुभयो ।

सो अवसरमा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले प्राधिकरणले एक वर्षमा गरेका कामकाजको बारेमा जानकारी गराउँदै पत्रकारलाई दिँदै आएको लोक कल्याणकारी विज्ञापनका लागि वजेट उपलब्ध गराउन आग्रह गर्नुभयो । कार्यक्रममा गृह, सञ्चार तथा कानून मन्त्री मोहम्मद समिम सहितका सबै मन्त्रीहरुको सहभागिता रहेको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सीमा सुरक्षामा गम्भीर हुन सशस्त्र प्रहरीलाई सीमाक्षेत्रका जनप्रतिनिधिहरूको आग्रह

**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, महोत्तरी**

चाडपर्वको समयमा नेपाल-भारत खुला सिमानाले अवैध क्रियाकलाप हुने भएको सीमा सुरक्षामा गम्भीर हुन सशस्त्र प्रहरीलाई सीमाक्षेत्रका जनप्रतिनिधिहरूले आग्रह गरेका छन् ।

सीमा क्षेत्रमा कडा निगरानी, सुरक्षा गस्ती र तार वार नगरे यस्ता समस्या बढ्दै जाने उहाँको भनाइ छ । वडाध्यक्षहरूले समय छँदै सीमाक्षेत्रको स्थायी समाधान गर्न आग्रह गर्नुभएको छ। सशस्त्र प्रहरीको बर्दिबासस्थित नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालयमा बिहीबार 'सीमावासीसँग सशस्त्र प्रहरी' विषयक सीमा सुरक्षाको महत्त्व तथा सीमा अपराध नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सीमा क्षेत्रका घटनाक्रम प्रस्तुत गर्नुहुँदै वडाध्यक्षहरूले यस्तो आग्रह गर्नुभएको हो ।

मधेस प्रदेशको नेपाल भारत अन्तर्राष्ट्रिय सीमासँग जुटेको ८ जिल्लाका १४३ वडाका वडाध्यक्षहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । त्यस क्रममा दशगजा अतिक्रमण, सीमास्तम्भ हेरफेर, लागु औषध ओसारपसार, आपराधिक चलखेल, नेपाली क्षेत्रमा पूर्वाधारको कमी र भारतीय सशस्त्र सीमा बल (एसएसवी) ले गरेका ज्यादती बारे वडाध्यक्षहरूले जानकारी गराउनुभएको थियो ।

भारतसँग ५ किमी सीमा जुटेको बारा जिल्ला देउताल ३ का वडाध्यक्ष रामकिशोर प्रसाद कुशवहाले आफ्नो वडाको दशगजा क्षेत्रमा यसअघिका ६३ वटा सीमास्तम्भ (पिलर) मध्ये २० वटा हराएको बताउनु भयो । 'भारतीय सुरक्षाकर्मीले पिलर हेरफेर गरी सीमा अतिक्रमण गर्दा पनि नेपाली पक्षले त्यसबारे किन चासो लिँदैन ?' उहाँको प्रश्न थियो । बारा देउतालकै वडा नं ४ पनि भारतीय सीमासँग जुटेको वडा हो । वडाध्यक्ष ललन यादवका अनुसार यसअगि सीमाक्षेत्रमा ७२ वटा सीमास्तम्भ थिए अब ५० वटा मात्र छन् ।

'हराएका २२ थान पिलर कसले खोज्ने र कहिले अधावधिक गर्ने ? यादवले प्रश्न गर्नुभयो । दशगजामा भारतीय सुरक्षाकर्मीले एकलौटी रुपमा थुप्रै पिलर हेरफेर गरे पनि नेपाली पक्षले कुनै वास्ता नगरको अन्य वडाका वडाध्यक्षहरूको पनि गुनासो थियो ।

एसएसवीको यस्तो गतिविधि नेपाल भारतबिच भएको सहमति र समझौता विपरीत रहेको उहाँहरूको भनाइ छ । वडाध्यक्षहरुका अनुसार 'सीमा क्षेत्रलाई यथास्थितिमै रहन देऊ' भनी उच्च तह (हाई लेबल) मा हस्ताक्षर नै भएको छ । यी हस्ताक्षर सन १८१६ को सुगौली सन्धिपछिका पूरक सम्धिमा भएको हो ।

'दशगजा क्षेत्रमा एसएसवीले गरेका गतिविधि पूरक सन्धिको विरुद्ध हो' सहभागि वडाध्यक्षहरूले भन्नु भयो 'पूरक सन्धिअनुसार भए रहेका दशगजा क्षेत्र र सीमास्तम्भलाई आफूखुसी गर्न पाइँदैन । अतिक्रमित क्षेत्रमा सीमा विवाद समाधान भएपछि मात्र हटाउने भन्ने हो । तर उनीहरूले (भारतीय पक्ष) आफू खुसी सीमा मिच्न छाडेका छैनन् । यसलाई कसरी नियन्त्रण गर्ने ?'

पर्सा गाउँपालिका २ सर्लाहीका वडाध्यक्ष राकेश रामले एसएसवीले नेपालीमाथि थिचोमिचो गर्दै आए पनि त्यसको रोकथाम र नेपालीलाई सुरक्षा प्रत्याभूति दिन कसैले चासो नलिएको गुनासो पोख्नुभयो । 'भारतीयले दशगजा मिचेरै घर पसल थापेका छन् तर नेपालीले आफ्नो सीमाभित्र रहेर काम गर्दा पनि एसएसवीले नेपाल सरहदमै छिरेर हस्तक्षेप गर्छन् । यस्तो अवस्थामा हाम्रो सुरक्षा कसले गर्ने ?' उहाँले प्रश्न गर्नुभयो ।



सीमा समस्यापछि वडाध्यक्षहरूले खुला सिमानाका कारण हुने लागु औषध कारोबार र दुर्व्यसन समस्यालाई प्रमुखतासाथ उठाउनुभएको थियो । त्यस्तै घरखर्चका सामान ल्याउन अवरोध नगर्न र नेपाल भारत सहज आवागमन तथा बन्द रहेका छोटी भन्सारहरू सुचारु गर्नुपर्ने जस्ता सुझाव राख्नु भएको थियो । अन्तरक्रियाका प्रमुख अतिथि एवं सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालले वडाध्यक्षहरू स्थानीय सरकारका प्रतिनिधि भएकोले उहाँहरूसँगको समन्वयमा सीमा समस्या समाधानका लागि भावी कदम चालिने बताउनुभयो

'सीमाक्षेत्रको पहिलो रक्षक सीमावर्ती गाउँका बासिन्दा नै हुन् । सशस्त्र प्रहरी त ०६६ सालदेखि सीमाक्षेत्रमा खटिएको हो' दाहालले भन्नुभयो । दशगजा अतिक्रमण, सीमा स्तम्भ, लागु औषध रोकथाम, छोटी भन्सार सञ्चालन, सीमा अपराध नियन्त्रण जस्ता विषयमा यहाँबाट प्राप्त अमूल्य सुझावले नीति तथा कार्यक्रममा तर्जुमा गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।'

कार्यक्रमलाई सम्बोधन गर्दै बाहिनी पति एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहले सशस्त्र प्रहरीको कार्यदिशामा अन्तर्राष्ट्रिय सीमा सुरक्षा उच्च प्राथमिकतामा रहेको बताउनुभयो । उहाँले भारतसँग जुटेका मधेस प्रदेशका १४३ वटै वडाका वडाध्यक्षहरूको संयोजकत्वमा सीमा सहजीकरण समिति गठन भइसकेको र यसलाई क्रियाशील र प्रभावकारी बनाउन 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रम आयोजना गरेको जानकारी दिनुभयो ।

'कार्यक्रममा सहभागी वडाध्यक्षज्यूहरूले उठाउनुभएका समस्या सम्बोधन गर्न सीमावर्ती वडाहरूमा सशस्त्र प्रहरीले सीपमूलक, चेतनामूलक, अन्तरक्रियात्मक जस्ता कार्यक्रम सञ्चालनको तयारी गरेको छ' डिआइजी शाहले आग्रह गर्नुभयो 'यसलाई प्रभावकारी बनाउन तपाईंहरूको साथ, सहयोग र सहकार्य आवश्यक छ ।'

# बर्दिवास खानेपानीको उपभोक्तालाई चाडपर्वमा निःशुल्क पानी उपहार



**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, महोत्तरी**

महोत्तरीको बर्दिवासमा रहेको बर्दिवास साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले नजिकिदै गरेको चाँड पर्वलाई लक्षित गरेर वितरण गर्ने खानेपानीको महसुलमा एक महिना पुरै छुट दिने निर्णय गरेको छ ।

शुक्रवार खानेपानी उपभोभोक्ता संस्थाको सञ्चालक समितीको बसेको बैठकले यहि कार्तिक ५गत्तेदेखी आगामी मंसिर ५ गत्ते सम्म पुरै एक महिनाको खानेपानीको महसुलमा छुट दिएर उपभोक्तालाई निशुल्क पानी बितरण गर्ने निर्णय गरेको संस्थाका अध्क्षय भुलन सेन ठकुरीले बताए।

खानेपानी संस्थाले एक महिनाको अबधिभर महसुलमा छुट दिँदा १५ लाख बराबरको आर्थिक भार खेप्नु परे पनी उपभोक्ताको सुबिधालाई ध्यानमा राखेर महसुलमा छुट दिईएको संस्थाका कोषाअध्क्षय भोज प्रसाद फुयाँल (शंकर) ले बताए।

हाल संस्थाले बर्दिवास नगर पालिकाको वडा नम्बर १,२,३ र १४ मा खानेपानी बितरण गरीरहेको छ।

खानेपानीबाट नगरका ४ वटै वडामा करीब ६ हजार उपभोक्ता लाभान्भित छन्।

ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा
✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,
✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प
✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल
साथै होम डेलिभरीको सुविधा छ ।
संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# गौशालामा मोटरसाईकलको ठक्करबाट एक बालकको मृत्यु



**खबर दर्पण समाचारदाता**
**कार्तिक ३ गते, महोत्तरी**

गौशालामा मोटरसाईकलको ठक्करबाट एक बालकको मृत्यु भएको छ।

गौशला नगरपालिका ७ जमुनियामा असोज ३० गते मंगलबारका दिन मोटर साईकलको ठक्करबाट एक बालक घाइते भएका थिए। घाइते बालकको उपचारकाको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गौशलाले जनाएको छ।

मृत्यु हुनेमा गौशाला ७, जमुनिया बस्ने मनोज राउतको ७ वर्षिय छोरा अनुराग राउत कुर्मी र हेको छ। बालकको विराटनगर स्थित न्युरो अस्पतालमा उपचार को क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरिक्षक मनोज कुमार यादवले बताए।

पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको वि.आर. ३० डबलु. १७७४ नम्बरको मोटरसाईकलले ठक्कर दिदाँ बालक घाइते भएका थिए। घाइते बालकको टाउको र शरिरको विभिन्न भाग गम्भीर चोट लागेको थियो।

यता मोटरसाईकल चालक गौशाला नगरपालिका ७ मनहर वा टोल बस्ने २१ वर्षीय संजित यादवको टाउको, हात र खुटा चोट लागि घाइते भई उपचार को लागि भारत तर्फ गएको र सम्पर्क मै रहेको निरिक्षक यादवले जनाए।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# जनप्रतिनिधि बीचको आन्तरिक द्वन्द्व त्यागी नगर र जनताको विकासको कार्यलाई अगाडि बढाउनु पर्ने : क्षीनपा मेयर यादव



**खबर दर्पण समाचारदाता**
**कार्तिक ३ गते, महेन्द्रनगर**

क्षीरेश्वरनाथ नगरपालिकाको हिन्दु नेपालीहरुको महानपर्व बडा दसैं तथा शुभदिपावलीको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा क्षीरेश्वरनाथ नगर पालिकाका मेयर सुखदेव यादवले चाडपर्वहरुलाई भडकिलो नबनाई आफनो संस्कृतिको जगेर्ना गर्ने गरि मनाउनुपर्ने बताउनुभयो। उहाँले सम्पूर्ण नेपालीहरुलाई आफ्नो क्षमता, गच्छता र दिगो हुने गरि मनाउन आग्रह समेत गर्नुभयो।

त्यस्तै उहाँले नेपालीहरुको सुख शान्ति र समृद्धिको कामना गर्दै शुभकामना व्यक्त समेत गर्नुभयो।

मेयर यादवले पालिकाका कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधामा कुनै किसिमको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रसेवक कर्मचारीहरुले नागरीक/सेवाग्राहीको काम छिटोछरितो ढंगले समय मै गरि दिनलाई निर्देशन समेत दिनुभयो।

उहाँले आफूले गर्ने कार्यसम्पादनको बेला हुने कुनै किसिमको गल्तीलाई सबैले औल्याइ दिए सचेत हुने सच्चिने मौका प्राप्त हुने भएकोले गल्ती कमिजोरीलाई औल्याइ दिन आग्रह गर्नुभयो।

मेयर यादवले असत्य माथि सत्यको विजयी को अवसरमा मनाइने विजया दशमीले जनप्रतिनिधि बीचको आन्तरिक द्वन्द्व त्यागी नगर र जनताको विकासको कार्यलाई अगाडि बढाउनु पर्नेमा जोड् दिनुभयो।

कार्यक्रममा पालिकाका जनप्रतिनिधि, कर्मचारी सहितका उपस्थिती रहेको थियो।

सबैले एक अर्का संग बडा दसैंको शुभकामना आदान प्रदान गरेका थिए

# औरही नगरपालिकाद्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**
**कार्तिक ३ गते, महोत्तरी**

औरही नगरपालिकाद्वारा दसैंको अवसरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ।

भूतमेलाको नामले चिनिएको औरही नगरपालिकाको वडा नम्बर ७ स्थित सोनामाई मन्दिर मा प्रत्येक वर्ष दसैंको बेला लाग्ने मेलामा औरही नगरपालिका द्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि पुनः संचालन गरेको हो।

भुतमेला अर्थात सोनामाई मेलालाई मध्येनजर गर्दै औरही नगरपालिकाद्वारा शुक्रवार देखी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको हो।

औरही नगरपालिकाको नगर प्रमुख प्रदीप कुमार खड्काले सो निःशुल्क स्वास्थ शिविर उदघाटन गरेका हुन्।

मेलामा आउने व्यक्तिहरुको निःशुल्क उपचार गर्नको लागि उक्त शिविर सञ्चालन गरिएको औरही नगरपालिकाको नगर प्रमुख प्रदिप कुमार खडकाले बताए।

शिविर ४ दिनसम्म २४ घण्टा नै सञ्चालन रहने औरही नगर पालिकाको स्वास्थ संयोजक चन्द्र भुसन झाले बताए।

मेला हेर्न आएको समयमा कसैलाई कुनै प्रकारको स्वास्थ्यमा समस्या आए शिविरमा सम्पर्क गर्न आग्रह गरिएको छ।

वडा ७ का वडा अध्यक्ष जितेन्द्र यादवकोव अध्यक्षतामा भएको उक्त उदघाटन कार्यक्रममा नगर उपप्रमुख रेनु झा, वडा ७का वडा अध्यक्ष जितेन्द्र यादव,वडा ८ का राम अश्रय यादव,वडा १ युगि चौधरी, वडा ३ वडा अध्यक्ष रामकेवल यादव , नगरका स्वास्थकर्मी, स्वयमसेविका,वडा अध्यक्षहरु लागयत स्थानीयहरुको सहभागीता रहेको थियो।

सोनामाई मेलामा भखैरै भर्ना भएका नगर प्रहरीहरुले सुरक्षा समेत दिदै आएको छ।साथै नेपाल प्रहरी पनि सुरक्षामा खटिएको छ।




## वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

**सूर्या आर्ट एण्ड फ्लेक्स प्रिन्ट**
बर्दिवास, महोत्तरी
सम्पर्क नं. - ९८४४१०२३९८, suryaart@gmail.com

दुधमती मिडिया प्रा.ली. द्वारा संचालित
(अपन संस्कृति अपन पहिचान)
**दुधमती एफ.एम. १०४ मेगाहर्ज**
क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा

दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा